# मध्यपुर थिमी नगरपालिकामा पशु बध-स्थल निर्माण प्रस्तावना

परिचय

मध्यपुर थिमी नगरपालिकाले बागमती प्रदेश सरकारबाट स्थानीय तहको समन्वयमा पशु बध-स्थल निर्माणको लागि सशर्त अनुदान प्राप्त गरेको छ। यस मध्यपुर थिमी नगरपालिकाका नगरवासीहरुले मुख्यबजार स्थानमा खुल्ला र सामान्य मापदण्ड मात्र पुरा गरेको पसलबाट मासु उपभोग गरिरहेको हालको अवस्थामा यस कार्यक्रमको उद्देश्य उपभोक्ताले मापदण्ड पुरा गरेका पशु बधस्थलमा उत्पादित स्वच्छ मासु उपभोग गर्न पाउने रहेको छ। यस पालिकाले बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी मन्त्रालयबाट स्वीकृत 'स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' र 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' बमोजिम र यस पालिकाको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट २०८०/८१ अनुसार निम्न मापदण्डहरुमा रहने गरी पशु बधस्थल निर्माणका लागि आवेदन सहित प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिएको छ।

उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ्य र गुणस्तर मासु तथा मासुजन्य पदार्थहरु उपलब्ध हुनका लागि पशु बधस्थल निर्माणमा अनुदान सहायता प्रदान गर्नु रहेको छ।

## सहकार्य सम्बन्धी व्यवस्था तथा छनौट विधि

प्रकाशित सूचना बमोजिम रीतपुर्वक म्याद भित्र प्राप्त हुन आएका आवेदनहरुलाई सूचनामा प्रकाशित मुल्यांकनका आधारहरुसंगै बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी मन्त्रालयबाट स्वीकृत 'स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' र 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' बमोजिम बधस्थल निर्माणमा सहकार्यका लागि छनौट गरिनेछ। आवश्यक कानुनी कागजातहरु सहित तोकिएको आधारभुत मापदण्डहरु पुरा गरेका प्राविधिक मुल्यांकनमा उच्च अंक प्राप्त गर्ने आवेदकलाई छनौटका क्रममा प्राथमिकता प्रदान गरिनेछ। कुनै पनि आवेदन तथा प्रस्ताव जानकारी सहित वा जानकारी विना स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

## कार्यक्रम सम्बन्धी थप जानकारीहरु

यस कार्यक्रम संचालन हुनका लागि 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' बमोजिम सूचना प्रकाशित भए पछि सो सूचनामा उल्लेख गरिएको कागजातहरु संलग्न राखी आवेदन सहितको प्रस्ताव म्याद भित्र दर्ता गरिएको हुनु पर्नेछ। आवेदकले प्रस्ताव पेश गर्दा प्रस्तावित कार्यक्रमको कुल खर्च र यसमा प्रोत्साहन तथा साझेदारको तर्फबाट व्यहोर्ने खर्च खुलाई

'स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' को दफा ६ तथा 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' को दफा १५ अनुसार हुने गरी समावेश गर्नु पर्नेछ र सोहि प्रावधान अनुसार साझेदार रकम तय गरिनेछ।

पशु बधस्थल निर्माणको हकमा कम्तिमा २५० वर्ग मिटर क्षेत्रफल भित्र बधस्थल निर्माण, बध गर्नुपुर्व आराम गर्ने कक्ष, प्रसस्त सफा पानीको व्यवस्था एवं उचित सरसफाइको प्रबन्ध भएको हुनुपर्नेछ। मुल्यांकनका आधारहरु अनुसार छनौट भएको एक वा एक भन्दा बढी आवेदकहरुको प्रस्तावमा उल्लेख भएको निर्माण कार्यको यस नगरकार्यपालिकाको कार्यालयद्वारा वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही छुट्टै लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पशु बध-स्थल सुविधाको निर्माणको लागि दरभाउपत्र / बोलपत्र प्रकाशित गरि निर्माण कार्य अघि बढाइने छ।

साथै कार्यक्रम मार्फत प्राप्त हुने सुबिधाको अतिरिक्त अन्य संघीय / प्रादेशिक / स्थानीय तहबाट दोहोरो सुविधा लिएको पाइएमा वा साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम व्याज सहित असुल गरिनेछ।

यस आह्वान पत्रमा उल्लेख भएका बाहेकका बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

योग्यताका मापदण्डहरु

यस सूचना बमोजिम पेश भएका आवेदनहरुले विस्तृत मुल्यांकनमा सामेल हुनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली र 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' अनुसार निम्न अनुसारको कागजातहरु अनिवार्य पेश गरेको हुनु पर्नेछः

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | अनुसूची — २ बमोजिमको आबेदन | अनिवार्य |
| २ | संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र | अनिवार्य |
| ३ | संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र | अनिवार्य |
| ४ | आ.व. २०७९/०८० को करचुक्ता प्रमाण | अनिवार्य |
| ५ | यस कार्यक्रममा सहभागी हुन संस्था/साझेदारको बैठकको निर्णयको प्रतिलिपी | समुह / सहकारीको हकमा अनिवार्य |
| ७ | अधिकृत वारेसनामाको पत्र (Power of attorney) | अनिवार्य |
| ८ | अनुसूची — ३ अनुसारको दांचामा प्रस्ताव | अनिवार्य |
| ९ | अनुसूची — ४ बमोजिमको प्रतिबद्धता पत्र | अनिवार्य |

| | | |
|---|---|---|
| १० | हाल उपयोग भइरहेको जमिनको क्षेत्रफल वा प्रस्तावित जमिनको क्षेत्रफल | कार्यविधिमा उल्लेख भए बमोजिम न्युनतम २५० वर्ग मि. हुनुपर्ने |

नोट: सम्बन्धित अनुसूचीहरु यसै साथ संलग्न गरिएको छ साथै 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' बेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।

मुल्यांकनका आधारहरु

यस सूचना बमोजिम प्राप्त भएका प्रस्तावहरुको मुल्यांकन 'प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०' को अनुसूची ५मा उल्लेख भएका आधारहरु अनुसार हुनेछ। स्वीकृत कार्यविधि अनुसारको मुल्यांकनका आधारहरुको थप विस्तृतीकरण निम्न अनुसार रहेको छ:

| क्र.सं. | विवरण | अंक |
|---|---|---|
| १ | **आबेदकको प्रकार** | १० |
| १.१ | सहकारी | १० |
| १.२ | समुह | ८ |
| १.३ | नीजी फर्म | ५ |
| २ | **आवेदकको व्यावसायिक अनुभव** | १० |
| २.१ | ५ बर्ष भन्दा बढी | १० |
| २.२ | २ देखि ५ बर्ष | ८ |
| २.३ | २ बर्ष भन्दा कम | ६ |
| ३ | **उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार** | १० |
| ३.१ | सडक, बाटो, बिजुली लगायत अन्य सुविधा भएको | १० |
| ३.२ | सडक, बाटो, बिजुली लगायत अन्य सुविधा मध्यम भएको | ८ |
| ३.३ | सडक, बाटो, बिजुली लगायत अन्य सुविधा न्यून भएको | ६ |
| ४ | **कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसंगको तालमेल** | २० |
| ४.१ | प्राविधिक प्रस्तावको सान्दर्भिकता | ५ |
| ४.१ | आर्थिक प्रस्तावको सान्दर्भिकता | ५ |
| ४.२ | व्यावसायिक क्रियाकलापको स्पष्टता र सान्दर्भिकता | १० |
| ५ | **प्रस्तावित कार्ययोजना अनुरुप प्राविधिक उपयुक्तता** | ३० |
| ५.१ | प्रस्तावित स्थलको उपयुक्तता र दिगोपन | ५ |
| ५.२ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | ५ |

| | | |
|---|---|---|
| ५.३ | विगतमा सम्पादित काम र प्रस्तावित क्रियाकलाप वीच तालमेल रहेको | ५ |
| ५.४ | प्रस्तावित कार्यक्रम संचालन स्थलको उपयुक्तता | ५ |
| ५.५ | प्रस्तावित क्रियाकलापहरुको वातावरणीय प्रभाव आंकलन गरिएको | ५ |
| ५.६ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु सामेल गरिएको | ५ |
| ६ | **नवीनतम क्रियाकलापहरु संचालन भएको** | २० |

उत्तीर्ण हुनका लागि न्युनतम प्राप्ताङ्कः ५० अंक

आवेदकले माथि उल्लेख भएका आधारहरुका अतिरिक्त निम्न आधारहरु समेतमा ध्यान दिनुपर्नेछः

१. स्थानीय समुदायको आवश्यकता को बुझाइ
२. नैतिक र दायित्वपूर्ण प्रथाहरूमा आवद्धता
३. संचालन र प्रबन्धमा क्षमता
४. पशु बधस्थल संचालन वा सम्बन्धित अनुभव

सम्पर्क जानकारी

यस सूचनामा थप प्रस्टता आवश्यक लागेमा तल उल्लेखित व्यक्तिलाई सम्पर्क गर्न सकिनेछ।

नामः ठर कुमार थापा
पदः सहायक पशु चिकित्सक
सम्पर्क नं.: ९८४१४३१२७०

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

अनुसूची -२

आवेदन फाराम

मिति :

श्रीमान प्रमुखज्यू,
बोर्ड/निर्देशनालय/केन्द्र
............।

विषय : कार्यक्रममा समावेश हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ......मा प्रकाशित सूचना अनुसार ............................... कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
८. आवश्यक अन्य कागजात ।

आवेदक
नामः
पदः
ठेगानाः
छापः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

अनुसूची -३

प्रस्ताव

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं. | |
| कार्य क्षेत्रः | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा प्रोत्साहन र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. आवेदकसँग हाल भईरहेको जनशक्ति विवरण

| क.स. | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. लाभान्वित हुने कृषक घरधुरीः

| क्र.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः

Anup Adhikari

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. प्रस्तावित कार्यक्रमवाट हुने उपलब्धि

६. आवश्यक प्रविधिको विवरण

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -४

प्रतिबद्धता पत्र

..........................को मिति...............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री